# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

## आन्तरिक आय संकलनतर्फको बोलपत्र अव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७६/०२/३१ गते**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६० र ६१ ले दिएको अधिकार प्रयोग गरी यस गोदावरी नगर कार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकमा राजश्व असुली सम्बन्धी कार्य आ.व. २०७६/०७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नहुन सूचीत गरिन्छ । अन्य थप जानकारीका लागि यस कार्यालयको सूचनापाटी, यस कार्यालयको वेभ साईट www.godawarimunkailali.gov.np तथा कार्यालय समय भित्र गोदावरी नगरकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

ठेक्का विवरण

| आय ठेक्का नं. | उठाउनुपर्ने राजश्व शिर्षक | न्यूनतम ठेक अंक (मु.अ.कर तथा अन्य कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर | धरौटी | सूचनाको अवधी |
|---|---|---|---|---|---|
| ४–०७५/७६ | पार्किङ्ग शुल्क (अत्तरीया बस पार्क) | रु. ६,६००,०००।- (छैसट्ठि लाख मात्र) | रु. ३,०००।- | कबोल अंकको ५% | १५ दिन |
| ५–०७५/७६ | कवाडी कर | रु. ५५०,०००।- (पाच लाख पचास हजार मात्र) | रु. १,०००।- | कबोल अंकको ५% | १५ दिन |

क. ठेक्का सम्बन्धी शर्तहरु :

१. ठेक्का अवधी २०७६ सालको श्रावण १ गतेदेखी २०७७ सालको असाढ मसान्तसम्म हुनेछ ।

२. यो सूचनामा प्रकाशित गरिएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्मको कार्यालय समय भित्र गोदावरी नगरपालिकाको कार्यालय, अत्तरीयाबाट खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु १६ औं दिन अपरान्ह १२:०० बजे भित्र गोदावरी नगरपालिका कार्यालय, अत्तरीयामा दर्ता गर्नुपर्ने छ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे गोदावरी नगरपालिकाको कार्यालय, अत्तरीयामा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाता उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक बिदा परेमा क्रमश: सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

३. बोलपत्र दाताले खामको बाहिर पट्टि ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । बोलपत्र खरिदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै दर्ता गर्नुपर्नेछ ।

४. बोलपत्र खरिदकर्ताले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपि, मु.अ.कर दर्ताको प्रमाण, कर चुक्ताको प्रमाण, फर्म दर्ता र नविकरणको प्रमाण आदिको प्रमाणित प्रतिलिपि साथ तोकिएको दस्तुर तिरी खरिद गर्नुपर्नेछ ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापत कवोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र गैर नेपाली नागरिक भए १० प्रतिशत रकम धरौटी राख्नु पर्नेछ । धरौटी वापत यस गो.न.पा कार्यालय, अत्तरीया, कैलालीको नाममा रहेको एन.आई.सि एसिया बैंक अत्तरिया स्थित चल्ती हिसाव नं. ७१४१४९८६२२५२४००१ ग ३ धरौटी खातामा नगदै जम्मा गरेको भौचरको सक्कल प्रति वा १२० दिन म्याद भएको मान्यता प्राप्त बैंकको जमानत (बिड बण्ड) को सक्कल प्रति पेश गरेको हुनुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन ।

६. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन । बोलपत्र खरिद गर्दा नियामानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको एन.आई.सी एसिया, कैलाली शाखामा रहेको मूल खाता नं. ७१४१४९८६२२५२४००४ ग ४ संचित कोषमा दाखिला गरेको भौचर वा कार्यालयको राजश्व शाखामा रकम दाखिला गरेको रसीद पेश गर्नुपर्ने छ ।

७. बोलपत्र खरिदकर्ताले आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैन्न ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्नेछ साथै त्यसै बमोजिम खोलिने कार्यक्रम पनि हुनेछ ।

९. रितपूर्वक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढी वालाको बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा सूचना रद्ध गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । साथै कुनै शर्त सहतिको बोलपत्र स्विकार्य हुने छैन ।

१०. ठेकेदारले नेपाल सरकार तथा गोदावरी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११.बुँदा नं. ६ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको सम्मका गोदावरी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जी दिईनेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिनभित्र | कबोल अङ्कको ३०% ले हुन आउने रकम |
| दोस्रो | २०७६ साल पौष मसान्त भित्र | कबोल अङ्कको ४०% ले हुन आउने रकम |
| तेस्रो | २०७७ ज्येष्ठ मसान्त भित्र | कबोल अङ्कको बाँकी ३०% ले हुन आउने रकम |

१३. सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारवाही हुनेछ ।

१४. प्रचलित नियमानुसार कालासूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउनपर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१५. गोदावरी नगरपालिका, कैलालीले तोकेको कर, शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१६. ठेकेदारले ठेक्का सम्झौता पछि यस नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन ।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी कर, शुल्क संकलन गर्न पाईने छैन ।

१८. ठेकेदारले गोदावरी नगरपालिका, अत्तरीया, कैलालीको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१९. ठेकेदारले ३/३ महिनामा कर संकलनको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२०. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

२१. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत